# नलगाड राजपत्र

## नलगाड नगरपालिकाबाट प्रकाशित

खण्ड ४) दल्ली जाजरकोट, आषाढ २४ गते, २०७७ (संख्या २)

### भाग–१

### नलगाड नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७७

सम्वत् २०७७ सालको ऐन नं. २

**नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावनाः नलगाड नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नलगाड नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " नलगाड नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।



प्रमुख प्रशासकीय अधिकृत

(२) यो ऐन २०७७ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च र पूँजीगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ४९,८०,००,०००।०(अक्षरुपी उनान्पचास करोड असी लाख मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त नलगाड नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा जम्मा रकमको २५ प्रतिशत रकम सार्न तथा निकासा र खर्च जनाउन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट अर्को शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकाशा र खर्च जनाउन परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि, मापदण्ड र निर्देशिका नलगाड राजपत्रमा प्रकाशन गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# अनुसूचि - १

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट आर्थिक वर्ष २०७७।०७८ मा विनियोजन हुने अनुमानित रकम

रु. हजारमा

| सि.नं. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु. |
|---|---|---|---|---|---|
| १. | नगर कार्यपालिका | ६७६९५ | १४५६०० | ० | २१४२९५ |
| २. | वडा समिति | ८७०५ | ० | ० | ८७०५ |
| ३. | विषयगत शाखा | २१२०१२ | ४७४८८ | ० | २५८५०० |
| ४. | विभिन्न कोषहरु | ११५०० | ५००० | ० | १६५०० |
| | कुल जम्मा रु | २९९९१२ | १९८०८८ | ० | ४९८००० |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत